(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

खण्डः-५ सङ्ख्याः-०४ मितिः-२०७८।०३।०१

भाग-२

पौवादुङमा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

च्याङ्ग्रे ,भोजपुर

**प्रस्तावनाः**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी साविक स्थानीय निकायमा स्थायी रुपमा कार्यारत रही पौवादुङमा गाउँपालिकामा समायोजीत कर्मचारीको प्रोत्साहन सुबिधा सम्बन्धी आवश्यक कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले पौवादुङमा गाउँपालिकाको कार्यपालिकामा यो मापदण्ड प्रस्तुत गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यो मापडण्डको नाम **"समायोजन भई आएका कर्मचारीको प्रोत्साहन सुविधा सम्बन्धी मापदण्ड, २०७८"** रहेको छ।

(२)यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

## परिच्छेद-२
## परिभाषा

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"गाउँपालिका"** भन्नाले पौवादुङमा गाउँपालिका, च्याङ्ग्रे भोजपुरलाई सम्झनु पर्दछ ।

(ख) **"कार्यालय"** भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा समितिको कार्यालय समेतलाई जनाउदछ ।

(ग) **"अध्यक्ष"** भन्नाले पौवादुङमा गाउँपालिकाको गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) **"उपाध्यक्ष"** भन्नाले पौवादुङमा गाउँपालिकाको गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ बमोजिम नियुक्त भएका गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) **"स्थायी पद"** भन्नाले नेपाल सरकारद्वारा स्वीकृत गाउँपालिकाको पदलाई सम्झनु पर्दछ ।

(छ) **"कर्मचारी"** भन्नाले साबिक स्थानीय निकाय (गा.वि.स, न.पा र जि.स.स)मा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारी सम्झनु पर्दछ ।

(ज) **"कार्यपालिका"** भन्नाले पौवादुङमा गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(झ) **"गाउँ सभा"** भन्नाले पौवादुङमा गाउँपलिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

## परिच्छेद-३
## ग्रेड(तलब) बृद्धि सम्बन्धि व्यवस्था

**३. ग्रेड (तलब) बृद्धि सम्बन्धि विशेष व्यवस्थाः-** (१) कर्मचारी समायोजन ऐन, २०७५ अनुसार तह तथा ग्रेड (तलब) बृद्धि नपाएका साविक स्थानीय निकाय (गा.वि.स, न.पा र जि.स.स)मा स्थायी नियुक्ति पाई पौवादुङमा गाउँपालिकामा कार्यरत करमचारीहरु मध्ये देहायका सेवा अवधि पुरा गरेका र बिभागीय कारबाहिमा नपरेका स्थायी कर्मचारीहरूलाई यो मापदण्ड जारी भएपछि एक पटकको लागि मात्र ग्रेड (तलब) बृद्धि सम्बन्धी विशेष व्यवस्था गरिनेछ ।

| हालको तह | सेवा अवधि | अब कायम हुने ग्रेड |
|---|---|---|
| अधिकृतस्तर छैठौं | चार वर्षभन्दा कम सेवा अवधि | खाईपाई आएकोमा एक ग्रेड थप |
| अधिकृतस्तर छैठौं | चार वर्षभन्दा बढी सेवा अवधि | खाईपाई आएकोमा दुई ग्रेड थप |
| सहायकस्तर पाँचौ | चार वर्षभन्दा कम सेवा अवधि | खाईपाई आएकोमा एक ग्रेड थप |
| सहायकस्तर पाँचौ | चार वर्षभन्दा बढी सेवा अवधि | खाईपाई आएकोमा दुई ग्रेड थप |
| सहायकस्तर चौथो | चार वर्षभन्दा कम सेवा अवधि | खाईपाई आएकोमा एक ग्रेड थप |

| | | |
|---|---|---|
| सहायकस्तर चौथो | चार वर्षभन्दा बढी सेवा अवधि | खाईपाई आएकोमा दुई ग्रेड थप |
| श्रेणीविहिन (का.स) | चार वर्षभन्दा कम सेवा अवधि | खाईपाई आएकोमा एक ग्रेड थप |
| श्रेणीविहिन (का.स) | चार वर्षभन्दा बढी सेवा अवधि | खाईपाई आएकोमा दुई ग्रेड थप |

(२) ग्रेड (तलब) बृद्धि २०७८ वैशाख १ गतेबाट लागु हुनेछ।

(३) ग्रेड (तलब) बृद्धि लागि सेवा गणना गर्दा २०७७ चैत्र मसान्तसम्मको अवधिलाई गणना गरिनेछ ।

(४) यस मापडण्डमा जुनसुकै कुरा लेखिएको भएतापनि नियम ३ (१) बमोजिमका कर्मचारीलाई थप गरीएको ग्रेड त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी हुने भएमा त्यसरी थप भएको ग्रेड समेत दिईनेछ ।

**परिच्छेद-४**

**विमा सम्बन्धि व्यवस्था**

**४. विमा सम्बन्धि व्यवस्थाः-** (१) साविक स्थानीय निकाय (गा.वि.स, न.पा र जि.स.स)मा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन, २०७५ अनुसार पौवादुङमा गाउँपालिकामा कार्यारत करमचारीहरुको नियमानुसार विमा गर्ने विशेष व्यवस्था गरिनेछ ।

**राजपत्रमा प्रकाशन भएको मितिः- संवत् २०७८ साल असाढ ०२ रोज ११**

**आज्ञाले**

रमेश राई

प्रमुख प्रशासकीय अधिकृत